# सन्धिखर्क नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सन्धिखर्क, अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

## सन्धिखर्क नगरपालिकाको **प्रतीक** चिन्ह (लोगो ) निर्माण सम्बन्धी सूचना।

**प्रथम पटक प्रकाशित मिति : २०८०/१२/०१**

सन्धिखर्क नगरपालिका, नगर कार्यपालिकाको मिति २०८०/१०/१७ को निर्णयानुसार सन्धिखर्क नगरपालिकाको प्रतीक चिन्ह (लोगो) निर्माण गरि प्रयोगमा ल्याउने प्रयोजनार्थ लोगो डिजाइन गर्न ईच्छुक व्यक्ति वा संस्थाले देहाय बमोजिमको सर्तमा रहेर डिजाइन गरी आफै उपस्थित भई वा हुलाक मार्फत वा info@sandhikharkamun.gov.np मा सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र ) दिनभित्र पेस गर्नुहुनको लागि यो सूचना प्रकाशन गरिएको छ।

**सर्तहरु :**

१. प्रतीक चिन्ह (लोगो) सम्बन्धी

क) सन्धिखर्क नगरपालिकाको ऐतिहासिक, भौगोलिक, प्राकृतिक, सामाजिक, संस्कृतिक एवम् विशिस्ट मौलिक पहिचान झल्कने हुनु पर्ने छ।

ख) सामाजिक सद्भावमा खलल पुग्ने तथा नेपालको सार्वभौमिकता, एकता र अखण्डतामा प्रतिकूल असर गर्ने संकेत प्रयोग गर्न पाइने छैन।

ग) नेपालको झण्डा र नगरपालिकाको नाम अनिवार्य समावेश भएको हुनु पर्ने छ।

घ) प्रयोग गरिएका संकेत र चिन्हहरुको संक्षिप्त व्याख्या समेत गर्नुपर्ने छ।

ङ) अन्यत्रबाट नक्कल नगरिएको लोगो हेर्दा आकर्षक तथा सके सम्म कम संकेतहरु प्रयोग गरि सन्धिखर्क नगरपालिकाको विशिस्टता एवं मौलिक पहिचान झल्कने हुनु पर्नेछ ।

च) बहुरंगमा छपाई गरि प्रयोगमा ल्याउन सकिने हुनु पर्ने छ।

छ) लोगोको High Resolution सफ्ट कपि नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्ने छ।

२. प्रतीक चिन्ह छनोट सम्बन्धी सम्पुर्ण अधिकार नगर कार्यपालिकाको कार्यालयमा हुनेछ। छनोट भएको प्रतीक चिन्हको सर्वाधिकार नगरपालिकामा रहनेछ र नगरपालिकाको आनुमति बेगर उक्त लोगो अन्यत्र प्रयोग गर्न पाइने छैन।

३. प्राप्त भएका कुनै प्रतीक चिन्हमा कार्यालयबाट आवस्यकता अनुसार परिमार्जन गर्न अनुरोध गरिएमा परिमार्जन गर्नुपर्ने छ।

**पुनश्च** : छनोट भएको उत्कृष्ट लोगोलाई नगरपालिकाको आफ्नो लोगोको रुपमा प्रयोग गर्नेछ र उक्त लोगोको डिजाइनकर्तालाई एकमुष्ठ रू २५००० (कर सहित )प्रदान गर्ने छ।

प्रमुख प्रशासकीय अधिकृत
सन्धिखर्क नगरपालिका


वेबसाइटः- www.sandhikharkamun.gov.np, इमेलः- sandhikharkamunicipality@gmail.com

फोनः- ०७७-४२०११२, ४२०६६२